नेपाल सरकार

**मा. सुरेन्द्र लाभ कर्ण**
प्रदेश प्रमुख
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

# *हार्दिक शुभकामना*

*ॐ नमो भगवते वासुदेवाय ।*

पवित्र पर्व श्री कृष्ण जन्माष्टमीको पावन अवसरमा सम्पूर्ण मधेशबासी नागरिकका साथै देश-विदेशमा रहनुभएका दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। देशका बिभिन्न भागमा बाढीको विपद्ले व्यापक धनजनको क्षति पुर्‍याएको यस कठिन परिस्थितिमा हामी सबैको हृदय मर्माहत भएको छ ।

भगवान् श्री कृष्णको सम्पूर्ण जीवन र श्रीमद्भगवद्गीताको गहन उपदेशले हामीलाई संकटको घडीमा बिचलित नभई आफ्नो कर्तव्य पथमा दृढ रहन र निस्वार्थ मानव सेवामा समर्पित हुन सिकाउँछ । आजको यस बिषम स्थितिमा बिपद्मा परेका देशबासीहरूप्रति सहानुभूति प्रकट गर्नु, उनीहरूको सहयोगमा जुट्नु र उच्च मनोबलका साथ अघि बढ्नु नै श्री कृष्णप्रतिको सच्चा भक्ति र जन्माष्टमीको बास्तविक सार्थकता हो ।

कुरुक्षेत्रको महायुद्धमा अर्जुनलाई श्री कृष्णले देखाउनुभएको कर्म र धैर्यको मार्गलाई आत्मसात् गर्दै मधेशको यस भाइचारा र करुणाको भूमिबाट हामी सबैले पीडितहरूलाई सहयोग र राहत पुर्‍याउने सङ्कल्प गरौं । भगवान् श्री कृष्णले हामी सबैलाई यो संकटको सामना गर्ने शक्ति, धैर्य र निस्वार्थ सेबाभाब प्रदान गरून् भन्दै पुन: जन्माष्टमीको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

*जय श्री कृष्ण ।*

*जय देश । जय प्रदेश ।।*

*मिति २०८३ भदौ १९ गते (शुक्रबार)*

..............................

(मा. सुरेन्द्र लाभ कर्ण)
प्रदेश प्रमुख